नेपाल सरकार

# भूमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४
चलानी नं. ५०

मितिः २०८३/०४/२१

श्री प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका सबै।
श्री प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका सबै।

**विषयः सहजिकरण तथा समन्वय गर्ने सम्वन्धमा ।**

प्रस्तुत विषयमा भूमि समस्या समाधान समितिको प.सं. २०८३/०८४, च.नं. १२४ मिति २०८३/०४/२० गतेको पत्रानुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्ययस्थापनका सन्दर्भमा जिल्ला भूमि समस्या समाधान समितिवाट लगत संकलन प्रविष्टि तथा प्रमाणीकरण गर्ने सम्वन्धमा समितिको कामकारवाही प्रभावकारी बनाउने सम्वन्धी पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

<u>बोधार्थः</u>
श्री भूमि समस्या समाधान समिति,
भूमि व्यवस्था, सहकारी तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेशित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन ।

सिंहदरवार, काठमाण्डौं फोन नं.-४२००५११/ ४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईट:- www.mofaga.gov.np

३२३
६।२०


# नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## भूमि समस्या समाधान समिति
(प्रशासन)

पत्र संख्या:- २०८३/०८४
चलानी नं.- १२४

ताहाचल, काठमाडौं


मिति २०८३/०४/२०
नेपाल संवत् ११४६

**विषयः समितिको कामकारवाही प्रभावकारी बनाउने सम्बन्धमा ।**

श्रीमान् सचिव ज्यू,
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

उपर्युक्त विषयमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुको व्यवस्थापनका सन्दर्भमा जिल्ला भूमि समस्या समाधान समिति गठन भइ कार्य संचालन भइ आएकोमा जिल्ला समितिमा तोकिएका प्रमुख प्रशासकीय अधिकृत नियमित रुपमा बैठकमा उपस्थिति हुन नसकेको तथा स्थानीय पालिकामा कार्यरत प्रमुख प्रशाकीय अधिकृतहरुले आफ्नो पालिका भित्र भूमि शाखा गठन गरी कर्मचारी खटाउनु पर्नेमा भूमि शाखामा कर्मचारी नखाटाएको कारणबाट लगत संकलन प्रविष्टि तथा प्रमाणीकरण कार्यमा वाधा परिरहेको एवं प्रमुख प्रशाकीय अधिकृतहरुवाट लगत संकलन प्रविष्टि पहिचान र प्रमाणीकरण कार्यमा कुनै चासो तथा जिम्मेवारी वोध नगरेको कारण समितिले अपेक्षित गतिमा कार्य गर्न नसकेको भनी जिल्ला अध्यक्षहरुवाट गुनासो आउने गरेको हुँदा मन्त्रालयबाट सबै पालिका प्रमुख प्रशाकीय अधिकृतलाई उल्लेखित कार्यमा सहजीकरण तथा समन्वय गरिदिनु हुन भनी निर्देशन जारी गरिदिनु हुन अनुरोध गरिन्छ ।

२०८३।४।२०
बलभद्र बास्तोला
अध्यक्ष

कर्मचारी प्रशासन महाशाखा
भूमि व्यवस्थापन महाशाखा
सङ्घीय मामिला महाशाखा ✓
योजना तथा अनुगमन महाशाखा
प्रशासन सुधार महाशाखा
कानून महाशाखा

४।२०